# अर्थ वाणिज्यसम्बन्धी पुस्तक विमोचन

**प्रस्तुति:** (कास) | **मिति:** 2012-10-07 | **सम्बन्ध:** अर्थ



काठमाडौं, २० असोज - साउथ एसिया वाच अन ट्रेड इकोनोमिक्स एन्ड इन्भायरोन्मेन्ट(सावती) र साउथ एसिया सेन्टर फर पोलिसी स्टडिज(आईपीएस) ले संयुक्त रूपमा 'रिजनल इकोनोमिक इन्टिग्रेसन ः च्यालेन्जेज फर साउथ एसिया डिउरिङ टर्बुलेन्ट टाइम' नामक पुस्तकको विमोचन गरेका छन् ।

काठमाडौंमा सम्पन्न तेस्रो दक्षिण एसिया आर्थिक सम्मेलन २०१० मा प्रस्तुत आर्थिक लेखहरूको परिमार्जित संस्करणहरू पुस्तकमा समावेश छन् । पुस्तक नीति निर्माताहरू, विज्ञ वर्गलगायत निजी क्षेत्रका लागि उपयुक्त सन्दर्भ सामग्रीका रूपमा रहेको सो अवसरमा जानकारी दिइयो ।

गत शुक्रबार काठमाडौंमा आयोजित विमोचन कार्यक्रममा वाणिज्य तथा आपूर्ति सचिव लालमणि जोशीले प्रस्तुत पुस्तकमा यस क्षेत्रले व्यापारिक गतिविधिमा भोग्नुपरेका कठिनाइलाई एकत्रित गरी समाधानका लागि सम्बन्धित निकायलाई एकआपसमा जोडिइरहन महत्वपूर्ण सुझाव समावेश गरिएको बताए ।

सो अवसरमा आईपीएसका निर्देशक समन कलिंगा, त्रिभुवन विश्वविद्यालय, अर्थशास्त्र विभागका प्रोफेसर डा. विश्वम्भर प्याकुरेल र सावतीका अध्यक्ष डा. पोषराज पाण्डेले पुस्तकको क्षेत्रीय अवधारणा र महत्वका बारेमा आ–आफ्ना धारणा राखेका थिए ।